# सिन्धुली जिल्ला अदालतबाट जारी भएको

## सूचना ! सूचना !! सूचना !!!

विश्वब्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण नेपालमा पनि तिब्र गतिमा बढिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८।०१।०६ मा जारी गरेको जनस्वास्थ्य सम्वन्धी मापदण्ड सहितको आदेश तथा नेपाल सरकारका सम्वद्ध निकायबाट जारी भएका सूचना समेतका आधारमा अदालतहरुबाट सम्पादन हुने काम कारवाही र प्रवाह हुने सेवामा संकुचन गर्ने सम्बन्धको सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी प्रेस विज्ञप्तीलाई मार्गदर्शनको रुपमा लिई स्थानीय परिस्थिति एवं जोखिमको अवस्थालाई मध्यनजर गरी अर्को निर्णय नभए सम्म २०७८ बैशाख १९ गते देखी २०७८ बैशाख मसान्त सम्मका लागि सेवा प्रवाहमा संकुचन ल्याउने सम्वन्धमा यस अदालत र जिल्ला वार तथा सरकारी वकील कार्यालय समेतको संलग्तामा मितिः-२०७८।०१।१७ गते छलफल गरी सेवा प्रवाह संकुचन गरिएकोमा हाल कोरोना भाइरस (कोभिड-१९) संक्रमण फैलिरहेको र जिल्ला प्रशासन कार्यालय सिन्धुलीवाट मितिः-२०७८ /२/८ गते सम्म निषेधाज्ञा समेत लागू भएकोले यस सिन्धुली जिल्ला अदालत ,जिल्ला वार ईकाइ र जिल्ला सरकारी वकील कार्यालय सिन्धुली बिच पुनःमितिः-२०७८/०१/३१ गते बैठक बसी देहाय बमोजिम गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायः-**

१. २०७८ साल जेठ १ गते देखी २०७८ साल जेठ ८ सम्म यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदनको सुनुवाई गर्ने ।

२. मुद्दा फिर्ता र मिलापत्र बाहेक अन्य मुद्दा दर्ता र सुनुवाई नगर्ने ।

३. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अविधि सम्मको मुद्दा, रिट तथा निषेधाज्ञाको हदम्याद, म्याद तथा तारेखहरु नगुज्रिने ।

४. अभियोग दर्ता, बयान, थुनछेक, पक्राउ अनुमति र समर्थन, म्याद थप, CDR अनुमतिका कार्य नियमित रुपमा गर्ने ।